नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:
cdms.mofaga@gmail.com

visit Nepal 2020 Lifetime Experiences

प.सं.:-२०७६/७७
च.नं.:-३०८

मितिः २०७६/०९/२१

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु,
(सबै)

प्रत्येक नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक अधिकारको संरक्षण गर्दै प्राकृतिक स्रोतको संरक्षण, संबर्द्धन तथा दिगो उपयोग गर्नको लागि वातावरण संरक्षण ऐन, २०७६ जारी भई लागु भएको व्यहोरा विदितै छ । विभिन्न विकास निर्माण कार्य मार्फत वातवारणमा पर्न सक्ने प्रतिकुल प्रभावहरु न्यूनीकरण गर्दै वातावरण र विकास बिच समुचित सन्तुलन कायम गर्नको लागि यस्ता विकास निर्माण कार्य गर्दा तोकिए बमोजिम वातावरणीय अध्ययन प्रस्ताव स्वीकृत गर्ने गरिएकोमा यस मन्त्रालय अन्तर्गत भईरहेका प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी कार्यको सम्बन्धमा मिति २०७६/०९/१६ को नेपाल सरकार (सचिवस्तरीय) निर्णयानुसार देहाय बमोजिमको व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

देहायः

१. साविकमा यस मन्त्रालय समक्ष पेश भई कार्यवाही हुने गरेका र हाल प्रदेश सरकारको अधिकारक्षेत्र भित्र पर्ने कार्य वा आयोजना सम्बन्धी प्रस्तावको सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने गरी कार्यवाही गर्न तथा हाल यस मन्त्रालयमा जाँचबुझ प्रकृयामा रहेका प्रदेश सरकारको अधिकारक्षेत्र भित्र पर्ने विषयका प्रारम्भिक वातावरणीय प्रतिवेदनहरु प्रदेश कानुन बमोजिम कार्यबाही गर्न सम्बन्धित निकाय समक्ष लेखी पठाउने ।
२. साविकमा यस मन्त्रालय समक्ष पेश भई कार्यवाही हुने गरेका र हाल स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने कार्य वा आयोजना सम्बन्धी प्रस्तावको सम्बन्धमा स्थानीय कानुन बमोजिम हुने गरी कार्यबाही गर्न तथा हाल यस मन्त्रालयमा जाँचबुझ प्रकृयामा रहेका स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयका प्रारम्भिक वातावरणीय प्रतिवेदनहरु स्थानीय कानुन बमोजिम कार्यबाही गर्न सबन्धित स्थानीय तह समक्ष लेखी पठाउने।

बोधार्थः
श्री सूचना तथा प्रविधी शाखा, (पत्र website मा upload गरिदिनुहुनको लागि) ।

२०७६/९/२१
(रीनु थपलिया)
शाखा अधिकृत